लुम्विनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**शिक्षा तथा सामाजिक विकास निर्देशनालय**
(राप्ती उपत्यका) देउखुरी दाङ, नेपाल

प.सं.: २०८०/८१
च.नं.:

मिति : २०८०/०६/१४

श्री सामुदायिक विद्यालयहरु सबै,
लुम्बिनी प्रदेश।

**विषय: असल अभ्यास गरेका विद्यालयहरुले विवरण पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (अनुसन्धान तथा गुणस्तर सुधार शाखा) सानोठिमी भक्तपुरको च.नं. ७ मिति २०८०/०६/०९ को प्राप्त पत्रानुसार उक्त केन्द्रको आ.व. ०८०।०८१ को वार्षिक कार्यक्रम अन्तर्गत विद्यालयले गरेको असल अभ्यासहरुको संकलन, प्रकाशन, प्रोत्साहन र प्रवोधिकरण गर्ने कार्यक्रम रहेको हुँदा उक्त प्रयोजनका लागि यसै सूचना साथ संलग्न सूचकका आधारमा उत्कृष्ट विद्यालय छनौट गरिने हुँदा असल अभ्यास गरेका विद्यालयहरुले आवश्यक पुस्ट्याइ हुने कागजात सहित विवरण भरि मिति २०८० कार्तिक १३ गते सम्म सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा बुझाउनु हुन र सामाजिक विकास डिभिजन कार्यालयहरुले २०८० कार्तिक १७ गते भित्र यस निर्देशनालयमा पठाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>बोधार्थ</u>
सामाजिक विकास डिभिजन कार्यालयहरु सबै लुम्बिनी प्रदेश ।
उक्त सूचना तहाँ कार्यालयको Website मा समेत प्रकाशन गरि समयमै
विवरण यस निर्देशनालयमा पठाउनु हुन।

यमबहादुर के.सी.
नि.निर्देशक
**नि. निर्देशक**

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका । देउखुरी । नेपाल

# विद्यालय छनौटका लागि मूल्याङ्कनका सूचकहरु

१. वाल विकास केन्द्र व्यवस्थापन:

क) वाल विकास केन्द्रको विद्यार्थी संख्या

ख) वाल विकास स.का. को तालिम र योग्यता

ग) कक्षाकोठा व्यवस्थापन (बसाई व्यवस्थापनको फोटो संलग्न गर्ने)

२. विद्यार्थी विवरण:

क) कक्षागत जम्मा विद्यार्थी संख्या

३. परीक्षाको नतिजा विवरण:

क) कक्षा ५, ८, १० र १२ को औषत अंक वा GPA उल्लेख गर्ने

ख) निरन्तर मूल्याङ्कनको विधिगत रुपमा प्रयोग भएको वा नमूना मात्र प्रयोग भएको सो उल्लेख गर्ने ।

४. शिक्षक विवरण:

क) तहगत शिक्षक दरबन्दी संख्या

ख) नीजी स्रोतमा रहेका शिक्षक संख्या

५. विद्यालयको कार्य सम्पादन:

क) प्रधानाध्यापकको नियुक्ति नियमानुसार छ/छैन ।

ख) शिक्षकले कक्षामा विताएको समय उल्लेख गर्ने,

ग) शिक्षकलाई तोकिएको कार्य/ जिम्मेवारी छ /छैन ।

घ) स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयन भएको छ/ छैन ।

ङ) तहगत शिक्षक इन्चार्जको व्यवस्था छ/छैन ।

६. विद्यालय व्यवस्थापन समितिको गठन तथा बैठक संचालन:

क) गठन भएको छ /छैन ।

ख) वर्षमा कति वटा बैठक बसेको छ ।

७. शिक्षक अभिभावक संघ गठन तथा बैठक संचालन:

क) गठन भएको छ/छैन ।

ख) वर्षमा कति वटा बैठक संचालन भएको छ ।

८. लेखा परीक्षण र सामाजिक परीक्षण भएको छ/ छैन । प्रतिवेदन संलग्न हुनुपर्ने ।

९. विद्यालयको भौतिक पूर्वाधार:

क) कक्षाकोठा प्रयाप्त छ/छैन ।

ख) फर्निचर प्रयाप्त छ/छैन ।

ग) स्वच्छ खानेपानीको व्यवस्था छ/छैन ।

घ) विद्यालयको घेरावार छ/छैन ।

ङ) छात्र/छात्राहरुको लागि छुट्टा छुट्टै शौचालय छ/छैन ।

च) छात्राहरुको शौचालयमा सेनेटरी प्याड डिस्पोज गर्ने व्यवस्था छ/छैन ।

१०. ICT Based मा सिकाई क्रियाकलाप भए, नभएको ।

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका। देउखुरी। नेपाल

११. केन्द्रबाट प्राप्त अनुदानको व्यवस्थापन उल्लेख गर्ने ।

१२. सह तथा अतिरिक्त क्रियाकलाप संचालन उल्लेख गर्ने ।

१३. अभिलेख व्यवस्थापन कार्य उल्लेख गर्ने ।

१४. अभिभावक भेटघाट तथा अन्तर क्रिया संचालन

१५. आय व्यय कार्य ( स्मारिका, विद्यालयको क्यालेन्डर अभ्यास र विभिन्न गतिविधिको प्रसारण योग्य श्रव्य दृश्य सामाग्री निर्माण जस्ता कार्यहरु उल्लेख गर्नु पर्ने ।

१६. सामाजिक परीक्षण मापदण्ड २०७८ को कार्यन्वयन

१७. माथि उल्लेखित बाहेक विद्यालयले गरेका असल अभ्यास उल्लेख गर्ने ।

१.

२.

३.

४.